# ग्रामथानगाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## तेतरीया, (मोरङ्ग)

१ नं. प्रदेश, नेपाल

पत्र सख्या-: ०७५/०७६

चलानी नं-:

ग्रामथान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तेतरीया, मोरङ प्रदेश नं. १, नेपाल

## एकिकृत आवधिक गाउँ विकास योजना निर्माण कार्यको बोलपत्र आव्हान सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति :- २०७५/०९/१८)

यस कार्यालयले एकिकृत आवधिक गाउँ विकास योजना निर्माण कार्य सिलबन्दी बोलपत्र मार्फत् सम्पन्न गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छूक परामर्शदाता कम्पनीहरुबाट निम्न बमोजिमको शर्त पालना गर्ने गरी रितपूर्वकको गोप्य सिलवन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक बोलपत्रदाताहरुले बोलपत्र दस्तुर वापत तपसीलमा उल्लेख भए बमोजिम फिर्ता नहुने गरी तपसिल बमोजिम रकम बुझाई आ.व. ०७५/०७६ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. ०७४/७५ सम्मको कर चुक्ता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि पेश गरी प्रथम पटक सूचना प्रकासित भएको मितिले ३० औ दिन कार्यालय समयभित्र यस कार्यालयबाट सम्बन्धित प्रश्तावदाता वा अधिकार प्राप्त प्रतिनिधिले यस गाउँ कार्यपालिकाको कार्यालयबाट कार्य विवरण सहितको बोलपत्र फारम खरिद गर्न सक्नेछ ।
२. खरिद भएका बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको ठीक १२:०० बजे भित्र प्राविधिक तथा आर्थिक प्रश्ताव छुट्टा छुट्टै खाममा शिलवन्दि गरी पुन दुवै खामलाई एउटै खामा सिलवन्दि गरी दर्ता गर्नुपर्नेछ । खाम बाहिर कार्यालयको नाम, कामको विवरण र फर्मको नाम स्पष्ट उल्लेख गरी यस कार्यालयमा गोप्य सिलबन्दी बोलपत्र दर्ता गराउनु पर्नेछ । दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु सोही दिनको ठीक २:०० बजे सिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । सिलबन्दी बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै बाधापर्ने छैन ।
३. शिलवन्दि खाम खोलेपछि पहिले प्राविधिक प्रश्ताव खोली मूल्याकंन गरिनेछ र प्राविधिक प्रश्तावमा उत्रिर्ण भएका बोलपत्रदाताको मात्र आर्थिक प्रश्ताव खोली मूल्यांकन गरिने छ । मूल्यांकन विधि तथा अन्य कुराहरु यस कार्यालयले जारी गरेको कार्य विवरणमा उल्लेख गरे बमोजिम तथा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।
४. सिलबन्दी बोलपत्र सम्वन्धी कागजात खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।
५. सिलबन्दी बोलपत्र साथ जमानत वापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको कृषि विकास वैक, विराटनगर, मोरङ स्थित धरौटी ०६०१६०११४९१०२०४४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा घटिमा

होम प्रसाद पौडेल
प्रमुख प्रशासकिय अधिकृत

बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यताप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत अनिवार्य रुपले पेश गर्नु पर्ने छ ।

६. कार्य विवरण(टीओआर) समेत संलग्न भएको सिलबन्दी बोलपत्र सम्बन्धि कागजातहरु यस कार्यालयबाट उपलब्ध गराईनेछ । यो सूचना तथा सिलबन्दी बोलपत्र सम्बन्धि कागजात(टीओआर)मा उल्लेखित भएका शर्त बमोजिम प्राप्त नभएका सिलबन्दी बोलपत्र माथि कार्यालयले कुनै कारवाही गर्ने छैन ।

७. सिलबन्दी बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको सिलबन्दी बोलपत्र पुस्तिकामा कूनै थपघट वा दृष्टब्य नलेखेको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको रीत नपूगेको सूचनाका शर्त विपरीत भएको सिलबन्दी बोलपत्र माथी कारवाही हुने छैन ।

८. प्राविधिक प्रशताव र आर्थीक प्रशतावको अंक जोड्दा सवैभन्दा वढी अंक प्राप्त गर्ने प्रशतावदाताको प्रशताव स्वीकृत गरिनेछ ।

९. सिलबन्दी बोलपत्र सम्वन्धी कागजातहरुको प्रत्येक पानामा सिलबन्दी बोलपत्रदाताले दस्तखत गरी फर्मको छाप लगाउनुपर्नेछ । सिलबन्दी बोलपत्रमा प्रत्येक आईटम दररेट (भ्याटबाहेकको) अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत भएको हुनुपर्नेछ ।

१०. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने, नगर्ने तथा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

११. यस सम्बन्धी अन्य थप कूरा बूझ्न आवश्यक परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**तपसिल :**

| ठेक्का संकेत नं. | कामको विवरण | सिलबन्दी बोलपत्र दस्तुर रु. | लागत अनुमान रु. | बोलपत्र जमानत | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १. | एकिकृत आवधिक गाउँ विकास योजना निर्माण | ३०००।- फिर्ता नहुने गरी | २५,११,००० (भ्याट बाहेक) | रु. ७६,०००।- | प्रथम पटक सूचनाप्रकाशित मितिबाट तीस दिनभित्र |

प्रमुख प्रशासकीय अधिकृत

होम प्रसाद पौडेल
प्रमुंख प्रशासकिय अधिकृत